# भेरी नगरपालिका, जाजरकोट,

## कर्णाली प्रदेश

## जातीय छुवाछुत तथा भेदभाव मुक्त घोषणा कार्यक्रम

## भेरी नगरपालिका योजना कार्यन्वयनः

## प्रस्तावना-पत्र,२०७६

# विषय सूचि

१. पृष्ठभूमि........................................................................................ 3

२. कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरु ........................................................ 3

२.१ लक्ष्य : ........................................................................................ 3

२.२ उद्देश्यहरु : .................................................................................. 3

२.३ विशिष्ठ उद्देश्यहरु : ...................................................................... 4

३. आसा गरिएका नतिजाहरु : .............................................................. 4

४. जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि रणनीतिक योजना निर्माण प्रारम्भिक चरणका क्रियाकलापहरु र अनुमानित बजेट ।................................................................................ 6

५. अनुमानित बजेट : ........................................................................... 14

# जातीय छुवाछुत तथा भेदभाव मुक्त भेरी नगरपालिका योजना कार्यन्वयन : प्रस्तावना-पत्र, २०७६

## १. पृष्ठभूमि

पुर्नस्थापित प्रतिनीधि सभाले २०६३ जेष्ठ २१ गतेका दिन नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गऱ्यो जुन दशवर्षे जनयुद्ध र १९ दिने जनआन्दोलन पश्चात गरिएको राजनीतिक प्रतिबद्धता सहितको प्रतिवद्धता बर्षौ देखिको उत्पीडनकारी राज्यब्यवस्थाको विरुद्धमा मानवअधिकार तथा सामाजिक न्याय स्थापनाको लागि थियो । अव संविधान, कानूनमा जातीय विभेद तथा छुवाछुत छैन यस्तो कार्य अपराध तथा दण्डनीय बनि सक्यो । तर ब्यवहारमा अहिले पनि जातीय भेदभाव तथा छुवाछुत कायम नै छ । जात जातीका आधारमा हुने उचनीचको ब्यवहार छदै छ त्यसका कारणले अहिले पनि समाजको एक बर्गलाई सशक्त भई मानव भएर बाँच्न कठिन छ जुन विषय सुखी नेपाली समृद्ध नेपाल हाम्रो यात्राको विपक्षमा मात्र होइन बाधक पनि छ ।

संविधानको धारा २४: छुवाछुत तथा भेदभाव विरुद्ध हक र धारा ४०:दलितको हक  अन्तरगत दलित समुदायको समाबेशीता, सहभागिता, प्रतिनीधित्व शसक्तिकरण र निशुल्क शिक्षा, स्वास्थ्य अधिकार, दलितका परम्परागत पेशा ब्यवसायको प्रबर्द्धन र विकास, भूमिहिन दलितलाई एक पटकको लागि भूमि उपलब्ध गराउने, आवास उपलब्ध गराउने साथै दलित समुदाय भित्र महिला, पुरुष र दलित समुदाय विच समानुपातिक वितरण गरिनु पर्ने ब्यबस्था गरेको छ । संबैधानिक, कानूनी, नीतिगत ब्यवस्था भएका छन र कार्यन्वयनको प्रकृयामा छन र कार्यन्वयनका प्रक्रियामा केहि समस्या पनि रहेको देखिन्छन । संविधान र कानूनले गरेको संबैधानिक ब्यवस्थाको पालना र जातीय विभेद तथा छुवाछुत मुक्त समतामलक समाज निमार्णका लागि स्थानीय सरकार प्रतिबद्ध रहदै समाज रुपान्तरणको अभियान हामी जुटन पर्ने आवश्यक छ । यो समाज रुपान्तरणको काम एक्लो प्रयासले मात्र एकै पटक सम्भव हुने विषय पनि होइन यो त संयोजनकारी सर्बपक्षिय एकिकृत पहलमा सफल हुने विषय हो तसर्थ यस प्रकारको संबैधानिक दायित्वपुरा गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार लगायत नागरिक समाज,निजी तथा सहकारीमुलक संघ संस्थाहरुको त्यतिकै महत्वपूर्णरुपमा आर्थिक, नैतिक तथा प्राविधीक सहयोग हुन आवश्यक भएकाले भेरी नगरपालिका यो महान समाज रुपान्तरणको अभियानामा सहकार्यका लागि आह्वान गर्न चाहान्छौं ।

## २. कार्यक्रमको लक्ष्य तथा उद्देश्यहरु

### २.१ लक्ष्य :

- जातीय आधारमा हुने छुवाछुत तथा सबै प्रकारका विभेद अन्त्यका लागि संवैधानिक ब्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै दलित समुदायको समृद्धि तथा आत्मसम्मान स्थापित गर्ने ।

### २.२ उद्देश्यहरु :

- अविभेद र सामाजिक समावेशीकरणको संवैधानिक व्यवस्थाको प्रभावककारी कार्यन्वयन  ।

- दलित समुदायमाथि हुने आर्थिक, सामाजिक, सांस्कृतिक विभेद अन्त्य र दलित समुदायको सामाजिक आर्थिक सशक्तिकरण ।

## २.३ विशिष्ठ उद्देश्यहरु :

- संविधानमा भएका अविभेदकारी प्रावधानहरुको अध्ययन
- जातीय विभेद तथा छुवाछुत विरुद्धका कानूनी ब्यवस्थाको विषयमा आम समुदाय स्तरमा सचेतना अभिवृद्धि गर्ने ।
- दलित समुदायको आर्थिक, सामाजिक सांस्कृतिक अवस्थाको नीतिगत अध्ययन र स्थानीय सरकार संचालन, अविभेद र समावेशीकरण सम्वन्धि अभियान संचालन ।
- दलित समुदायको समाबेशीकरण र जिविकोपार्जनका योजना तयार र कार्यान्वयनको खाका तयार पार्ने ।
- स्थानीय तहलाई पूर्ण रुपमा छुवाछुत मुक्त घोषणाका लागि सूचक सहित आधार तयार गर्दै जातीय भेदभाव तथा छुवाछुतको अन्त्य र सामाजिक न्यायको स्थापना गर्ने ।
- दलित समुदायको विकास तथा संरक्षणको लागि स्थानीय तहको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन रणनीतिक योजना तयार गरि कार्यन्वयन गर्ने ।

## ३. आसा गरिएका नतिजाहरु :

- **संवैधानिक व्यवस्थाको जानकारी:** दलित, गैरदलित तथा स्थानीय सरकारका प्रतिनिधि एवम् सरोकारवालाहरुलाई अविभेद र सामाजिक समावेशीकरणको संवैधानिक व्यवस्थाबारे सुसूचित गराउने
- **आर्थिक सबलिकरण:** दलित समुदायको परम्परागत पेशा सीपहरुको संरक्षण विकासको लागि स्रोतको व्यवस्था, स्वरोजगारको सृजना र सिपहरुको संरक्षण तथा आधुनिकरण उत्पादन, बजारिकरणको सुनिश्चितता भएको हुने छ ।
- **सहकार्य र स्वीकार्यताको सिर्जना:** दलित र गैर दलितबिचको सहकार्यलाई बलियो रुपमा स्थापित गरी सहअस्तित्व र सहस्वीकार्यता स्थापित गरि सामाजिक सदभाव सृजना गर्ने ।
- **उत्तरदायी सरकार:** कार्यान्वयको मुख्य जिम्मेवारी सरकारी निकायमा हुने भएकाले अविभेद तथा दलितहरुको समृद्धिका सम्बन्धमा रहेका सबै व्यवस्था पूर्ण रुपमा प्रभावकारी तवरले कार्यान्वयन भएको अवस्था ।
- **सामाजिक अवरोधहरुको अन्त्यको अवस्था:** संवैधानिक व्यवस्थाको जानकारी तथा आर्थिक एवम् सामाजिक सबलिकरणका लागि भएका प्रयासहरुलाई दीर्घजीवि बनाउनका लागि अवरोधका रुपमा रहेका समाजिक, साँस्कृतिक खराब अभ्यासहरु हटाइएको अवस्था ।

- **समान हक अधिकार र पहुँच** : दलित, महिला तथा सिमान्तकृतहरुको संवैधानिक तथा कानूनी अधिकारमा समान हक अधिकार र पहुँचको सूनिश्चित भएको अवस्था, समानुपातिक समावेशी प्रतिनीधित्व भएको अवस्था । स्रोत साधनमा समान पहुँच भई जिविकोपार्जनमा सुधार भएको अवस्था ।

## ४. जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि रणनीतिक योजना निर्माण प्रारम्भिक चरणका क्रियाकलापहरु र अनुमानित बजेट ।

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि रणनीतिक योजना निमार्ण । | नगरपालिका | १ पटक | अध्ययन अनुसन्धानात्मक विधीहरु | नगरपालिका | २०७६ मंसीर २२ भित्र | आवश्यक सूचना | १५०,००० |
| २ | भेरी नगरपालिका स्तरीय तयारी मूल समिती गठन र परिचालनका लागि बैठकहरु बस्ने । | भेनपाको कार्यलय वा तोकिएको स्थान | ७ पटक ( महिनाको एक पटक) २०७६ मंसिर देखि २०७७ जेठ सम्म | प्रमुखको संयोजकत्वमा मुल संयोजन समिती गठन गर्ने । उपप्रमुख, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रहरी,कार्यालय नगरपालिका स्तरका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनीधिहरु, जिल्ला बार, पत्रकार महासंघ लगायतको मुल समिती गठन गर्ने । उप समितीहरु गठन र परिचालनको जिम्मेवारी बाँडफाँट गर्ने । कार्यक्रमको फोकल ब्यक्ति तोक्ने र मुल समितीको सदस्य सचिव तोक्ने । | भेरी नगरपालिका कार्यलय | २०७६ मंसिर दोस्रो हप्ता सम्म | जातीय भेदभाव तथा छुवाछुतमुक्त घोषणा रणनीतिक योजना । | ७०,००० |
| ३ | गैसस, नागरिक समाज र पेशागत संघ संगठन संग समन्वय र सहकार्यका लागि बैठक । | भे.न.पा.मा | ६ पटक | बैठक नगर प्रमुखको अध्यक्षतामा बस्ने । गैसस, पत्रकार महासंघ, वार एशोसियसन, अन्य पेशागत संगठनहरु, नागरिक समाजका प्रतिनीधिलाई निमनत्रणा गरि तयार पारिएका अभियानको क्रियाकलापहरुलाई आर्थिक तथा परिचालनका लागि कस्ले कसरी सहयोग गर्न सक्छ भन्ने र | अभियानका फोकल ब्यक्तिले । | हरेक महिनाको पहिलो शुक्रबार | आवश्यक ताका आधारमा | ६०,००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अभियानको जिम्मेवारी लिनको लागि आह्वान गर्ने ।<br>जिम्मेवारी बाँडफाट गर्ने ।<br>हरेक कार्यलय र संस्थाबाट अभियानको सम्पर्क व्यक्ति तोक्न लगाउने र परिचालन गर्ने ।<br>हरेक १ महिनामा समन्वय बैठक बस्ने र प्रगतीलाई अपडेट गर्ने । | | | | |
| ४ | वडास्तरमा समितीहरु गठन परिचालन । | १ देखि १३ वडामा | १ पटक गठन निरन्तर परिचालन | वडास्तरमा हुने सम्पूर्ण कार्यक्रमको संयोजन गर्ने ।<br>वडामा सबै भन्दा बढि जातीय विभेद तथा छुवाछुत कुन टोलमा छ त्यसको पहिचान गरि कार्यक्रम परिचालन गर्ने ।<br>वडालाई जातीय विभेद तथा छुवाछुत मुक्त गर्ने । | प्रत्येक वडा कार्यलयले गर्ने | २०७६ मंसीर तेस्रो हप्ता भित्र । | आवश्यक ताका आधारमा | १३०,००० |
| ५ | भेनपा र १३ वटै वडामा जागरण कार्यक्रम । | ३६ वटा साविकका वडाहरुमा | १ पटक एक वडामा । | टोल टोलमा दलित र गैरदलितहरुको भेला जातीय विभेद अन्त्यका लागि कार्यक्रम । | अभियन्ताहरु सम्वन्धित वडा सदस्यहरुको अगुवाईमा | पौष महिना भरी | आवश्यक ताका आधारमा | ८०,००० |
| ६ | अभियानकर्मिलाई पुर्नताजगी र अभियानको समिक्षा गोष्ठि (२ दिने) | सबै भन्दा बढि समस्या भएको वडामा | १ पटक | अभियन्ताहरु, कार्यपालिका सदस्यहरु र वडा अध्यक्षहरु ( ४० जनालाई) | नगरपालिकाको अगुवाईमा | फाल्गुन महिना | आवश्यक ताका आधारमा | ३००,००० |
| ७ | धामी झाँकी, पण्डीत, पुरोहितलाई जागरण तथा साक्षत्कार कार्यक्रम (एक दिने) | पालिका तहमा | ३ पटक | धामी झाँकी, पण्डीत, पुरोहितको पहिचान गरि नामलिष्ट तयार गर्ने सबैलाई नगरपालिका स्तरमा जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि प्रशिक्षण दिने ।<br>धामी झाँकी, पण्डीत, पुरोहितलाई अभियान संचालनका लागि अभियता बन्न अनुरोध गर्दै तीनिहरुलाई | वडा अध्यक्षहरु | २०७६ मंसीर देखि २०७७ जेष्ठ सम्म निरन्तर | आवश्यक ताका आधारमा | १५०,००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उत्प्रेरणा बापत सम्मान गर्ने कार्यक्रम राख्ने ।<br>धामी झाँकी, पण्डीत, पुरोहितको हरेक २ महिनामा भेला बोलाई उनीहरुले गरेका काम विषयमा समिक्षा गरि अभियानको अन्त सम्म अगुवाईका लागि अनुरोध गर्ने<br>अभियानका हरेक कार्यक्रममा धामी झाँकी, पण्डीत, पुरोहितलाई बोल्न दिने उनीहरुको मुखबाट नै जातीय भेदभाव तथा छुवाछुत गलत हो यसलाई हटाउनु पर्छ भन्ने सन्देश प्रवाह गर्न लगाउने ।<br>परिचालन गर्दा गैरदलित धामी झाँकी, पण्डीत, पुरोहितलाई बढि मात्रामा परिचालन गर्ने । | | | | |
| ८ | जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि बृद्धबृद्धाको टोल भेला जागरण कार्यक्रम । | ३६ वटा टोलमा | २ पटक | टोलका बृद्धबृद्धाहरुलाई उनीहरुकै टोलमा भेला गराउने ।<br>सहजकर्ताका रुपमा पाको ब्यक्ति वा प्रहरीको सहयोग लिने<br>बृद्धलाई नै अगुवाको रुपमा परिचालन गर्ने ।<br>बृद्धवृद्धाको सम्मान गर्ने । | वडा कार्यलयहरु । | चैत्र मसान्त भित्र | आवश्यक ताका आधारमा | १५०,००० |
| ९ | सबै विधालयमा अन्तरक्रिया कार्यक्रम ( विभेद अन्त्यका लागि शिक्षक विधार्थी अभिभावक परिचालन कार्यक्रम | नगरपालिका का हरेक प्रावि, मावि, उच्च मावि र क्याम्पसहरुमा | कम्तिमा ३ पटक | विधालयमा निबन्ध प्रतियोगीता, हाजिरी जवाफ प्रतियोगिता, शिक्षक, विधालय ब्यवस्थापन समिती, अभिभावक र विधाथीलाई अभिमुखिकरण गर्ने । | शिक्षा समिती तथा शाखा<br>विधालयको प्रअ | मंसिर देखि ०७७ जेठ महिना सम्म । | आवश्यक ताका आधारमा | १५०,००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | (निजी तथा सरकारी दुबै) | | अभिमुखिकरणका लागि वडा अध्यक्ष विधालय प्रअ तथा शिक्षक लाई परिचालन गर्ने ।<br>बिधालयलाई सबैप्रकारको भेदभाव तथा छुवाछुत मुक्त क्षेत्र घोषणा गर्ने ।<br>शैक्षिक विकासका लागि भेदभाव तथा छुवाछुत अन्तको अभियान विधार्थी बिच चलाउने ।<br>जातीय विभेद तथा छुवाछुत अन्तको सन्देश सहितको सूचना बोर्डको व्यवस्था गर्ने<br>भेदभाव तथा छुवाछुत अन्तका लागि अभियान हरेक विधालयले आफ्नो क्याचमेन्ट क्षेत्र भरि चलाउने ।<br>बिधालयको अभिभावकलाई सन्देश पठाउने र अविावकले विधालयलाई चिठी लेख्ने ।<br>एक महिना सम्म प्रार्थानाको समयमा जातीय छुवाछुत तथा भेदभाव अन्तको सन्देश भनिरहने ।<br>विधालय भर्ना अभियानलाई जातीय विभेद तथा छुवाछुत अन्तको अभियान संग जोड्ने ।<br>यी सबै कियाकलाप गर्नका लागि शिक्षा समितीले हरेक विधालयलाई पत्राचार गर्ने ।<br>सबै विधालयलाई विभेद तथा छुवाछुत मुक्त विधालय घोषणा गर्ने । | | | | |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १० | जातीय छुवाछुत तथा भेदभाव अन्त्यका लागि प्रहरी समुदाय अन्तर संवाद | प्रत्येक वडामा | २ पटक | प्रहरीले नागरिक संग अन्तरक्रिया गर्ने । जातीय छुवाछुत कसुर सजाय ऐनको बारे स्थानीय समुदायलाई भन्ने र अन्तरसंवाद गर्ने । | वडाकार्यलयको संयोजकत्वमा स्थानीय प्रहरी प्रशासन । | | | १३०,००० |
| ११ | टोल टोलमा भित्ते लेखन आवश्यकताका आधारमा र जागरण कार्यक्रम | ३६ टोलमा | ३ पटक | टोल टोलमा भित्तेलेखन गर्ने टोल भेला गरि भित्तामा लेखिएका विष्यको जानकारी गराउने । यो अभियान चलाउन स्वंयसेविका र आमा समूहको परिचालन गर्ने । | स्वास्थ्य शाखाले | दूइ महिनामा एक पटक - मंसीर देखि जेष्ठ सम्म । | आवश्यक ताका आधारमा | ७२००० |
| १२ | महिला स्वास्थ्य स्वंसेबिका परिचालन गरि आमा समूहको परिचालन( घरदैलो कार्यक्रम) | टोल टोलमा | ३६ टोलका हरेक घर घरमा | आमा समूहको बैठक गरि योजना बनाई घरदैलो कार्यकम गर्ने । | स्वास्थ्य सेविकाहरु | फाल्गुन चैत्र | आवश्यक ताका आधारमा | ७२००० |
| १३ | समुदाय स्तरमा गैरदलित दलित जागरण | टोल टोलमा | ३६ टोलका हरेक घर घरमा | बल क्लव, किशोरीको समु, युवा क्लवहरु तथा गैर दलित शिक्षक अधिकार कर्मि र गैरदलित अधिकार कर्मि आदि । | वडाकार्यलय | चैत्र मसान्त भित्र । | आवश्यक ताका आधारमा | १४४००० |
| १४ | दलित तथा गैरदलित जनप्रतिनीधिलाई र अभियानकर्मि क्षमता विकास तालिम । २ दिने वडातहमा ( कम्तिमा ५० प्रतिशत महिला, ५० प्रतिशत गैर दलित) | वडा तहमा | १ पटक | जातीय विभद तथा छुवाछुत अत्यका लागि क्षमता विकास तालिम | वडा कार्यलय | माघ महिना भित्र | आवश्यक ताका आधारमा | ४५०००० |
| १५ | व्यवसायिकता सम्भाब्यता अध्ययन | नगरपालिका स्तरमा | १ पटक | विशेषज्ञ बाट अध्ययन गराइ दलितहरुका परम्परागत पेशा व्यवसायको संरक्षण र बिकासको | नगरपालिका | मंसीर भित्र | आवश्यक ताका आधारमा | १८०,००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लागि लगानीका क्षेत्र र आधार तयार पार्ने । | | | | |
| १६ | उद्यमशिलताको लागि व्यवसाय संचालन सीपमुलक तालिम र २६ जना दलितलाई रोजगारमुलक तालिम | नगरपालिका स्तरमा | २६ जनालाई | सीपमुलक तालिम दिने स्वराजगारबनाउने मोडेल तयार गर्न । | नगरपालिका | फाल्गुन भित्र | आवश्यक ताका आधारमा | ४८०,००० |
| १७ | मिडीया परिचालन, पोष्टर, पम्पलेट, भिडियो निमार्ण, भित्तेलेखन, ब्यानर, फेक्स जानकारी बोर्ड निमार्ण सांस्कृतिक कार्यक्रम, सडक नाटक आदी । | नगर र सबै वडामा | सबै १ पटक | संचारकर्मि तथा मिडीयाकर्मिको सहयोगमा स्थानीय कलकारहरुको सहयोगमा | नगरपालिका | पौषको पहिलो हप्ता | आवश्यक ताका आधारमा | ५०,००० |
| १८ | रेडियो अन्तरसंवाद, जिंगल उत्पादन र प्रसारण आदी । नगरप्रमुखको संदेश निमार्ण र प्रसारण आदी । | स्थानीय रेडियो पत्रपत्रिका | १२ पटक | रेडियो अन्तरसंवाद, जिंगल उत्पादन र प्रसारण आदी ।<br><br>नगरप्रमुखको संदेश निमार्ण र प्रसारण | नगरपालिका | जेठ महिना सम्म | आवश्यक ताका आधारमा | ५०,००० |
| १९ | लेख लेखन र प्रकासन विधालयमा निवन्ध प्रतियोगिता | कम्तिमा ६० वटा | १ पटक | स्थानीय मिडीया र विधालयहरु | राष्ट्रिय तथा स्थानीय मिडीया | जेठ सम्म | | ४५००० |
| २० | पत्रकार सम्मेलन | नगरपालिका | २ पटक | नगरप्रमुखले वडा अध्यक्षहरु सहित | नगरपालिका | मंसिर, जेष्ठ | | ३०००० |
| २१ | प्रहरीको सन्देश | स्थानीय प्रहरी | १२ पटक | रेडियो मार्फत | स्थानीय प्रहरी कार्यलय | नियमीत | | २०००० |
| २२ | वडाकार्यलयको सन्देश | वडा | १२ पटक | रेडियो मार्फत | स्थानीय प्रहरी कार्यलय | नियमीत | | २०००० |
| २३ | अन्तरजातीय विवाहको जोडीलाई सम्मान कार्यक्रम । | नगरपालिका | १ | सार्वजनिक कार्यक्रम | नगरपालिका उपप्रमुख | जेठमा | | ५०००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| २४ | फेसबुक अभियान | नगरपालिका | कम्तीमा ५० हजार सम्म पुग्ने । | सोसल मिडीयाको प्रयोग | फोकल ब्यक्ति | जेष्ठ सम्म | | १००० |
| २५ | चिया पसलमा चर्चा कार्यक्रम | हरेक पसल पसलमा जातीय विभद अन्त्य गरौ भन्ने ब्यानर टाँग्ने र छलफल गर्ने ( १ घण्टाको छलफल | ६८ पटक | स्थानीय चिया पसलहरु | वडा सदस्यहरु | बैसाख मसान्त | | ६८००० |
| २६ | दलित टोल सरसफाई अभियानहरु | १३ वटै वडामा | ३६ वटा दलित वस्ति | दलित टोलको पहिचान र सरसफाई जिल्ला खानेपानी तथा सरसफाइ कार्यलय संग समन्वय गर्ने । सचेतनामुलक अभियान चलाउने । | दलित तथा गैरदलित अभियानकर्मि, सामाजिक संस्थाहरु, खानेपानी तथा सरसफाई कार्यलय तथा शाखा । | चैत्र भित्र | | १४४००० |
| २७ | जातीय छुवाछुत तथा विभेदका अन्त्य घोषणाका लागि वडा सम्मेलन कार्यक्रम र वडा घोषणा कार्यक्रम | १३ वडामा | १३ वडा | वडाकार्यलय घोषणा गर्ने | वडा कार्यलय | चैत्र र २०७७ बैसाख | | २६०००० |
| २८ | धार्मिक गुरुहरुको प्रवचन कार्यक्रम | नगरपालिका मा | १ कार्यक्रम | प्रवचन कार्यक्रम | नगरपालिका | माघ | | ५०००० |
| २९ | एक ब्यक्ति तीन सन्देश तीन घरे साझा अभियान ( ३४००० ब्यक्ति परिचालन) | हरेकबस्तीमा | ३४ वटा | घरदैलो अभियान | नगरपालिका | माघ, फागुन | | २०००० |

| क.सं. | के गर्ने ? | कहाँ गर्ने ? | कति पटक गर्ने ? | कसरी गर्ने | कसले गर्ने ? | कहिले सम्म | आवश्यक समाग्री | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|
| ३० | छुवाछुत तथा जातीय भेदभाव अन्त्यको लागि खेल कार्यक्रम | हरेक वडामा | १३ वटा | छुवाछुत तथा जातीय भेदभाव अन्त्यको लागि खेल कार्यक्रम आयोजना गर्ने भइ रहनेको खेल संग अभियान जोड्ने । | वडाकार्यालय | फागुन | | २६००० |
| ३१ | घोषणाको तयारी बैठक | नगरपालिका | ३ पटक | समिक्षा र योजना | नगरपालिका | मंसिर,फागुन, जेठ | | ३०००० |
| ३२ | सूचकहरुको आधारमा अभियानको प्रभावकारीता अनुगमन र अनुगमन समितीको घोषणाको लागि सिफारिस । | नगरपालिका स्तरीय १ खेल | १ पटक | अनुगमन समिती निमार्ण<br>अनुगमन समितीले घोषणाको लागि सुझाव सहित प्रतिबेदन तयार<br>घोषणा<br>घोषणा पश्चात गरिने कार्यको घोषणा । | नगरपालिका | २०७६ माघ। २०७७ बैसाख, जेठ | | ३०००० |
| ३३ | दलित सूचना केन्द्र, सहयोग डेक्स निमार्ण | हरेक वडामा | १३ वडामा | हरेक वडा कार्यलयमा | वडा | पौषमा | | ५२००० |
| ३४ | अभियानकर्मि परिचालन र व्यवस्थापन | हरेक वडा बाट एक जना दलित एक गैर दलित | ६ महिना | अभियन्ता छनौट, तालिम, योजना निमार्ण र परिचालन | नगरपालिका | निरन्तर | | ७५०००० |
| ३५ | जातीय भेदभाव तथा छुवाछुत अन्त्यको स्थानीय तहको कार्यविधी निमार्ण । | भेरी नगरपालिका | १ | परामर्शकर्ताको प्राविधीक सहयोग र कार्यपालिका बाट अनुमोदन र नगर सभा बाट पारित | कार्यपालिका | जेठ महिना | मस्यौदा | ३६,०००। |
| ३६ | जातीय भेदभाव तथा छुवाछुत मुक्त भेरी नगरपालिका घोषणा कार्यक्रम | नगरपालिका | १ पटक | विस्तृत कार्यक्रम बनाएर | नगरपालिका | जेठ २१ गते | | ५००००० |
| जम्मा | | | | | | | | ५०००,०००। |

## ५. अनुमानित बजेट :

५,०००,०००। अक्षरुपी पचास लाख मा